# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ११ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. आज खुदीराम बोसको ११८ औँ शहादत दिवस, मुख्यमन्त्री ममता बेनर्जीले लगायत विभिन्न नेताहरु गर्नुभयो श्रद्धाञ्जलि अर्पण

२. क्रिडा ग्यान परिक्षाका लागि पजिकरण शुरु। प्रथम पुरस्कार एकलाख दोस्रो पुरस्कार ५० हजार तेस्रो पुरस्कार २५ हजार चौथो पुरस्कार ११ हजार रुपया। १२ बर्षदेखि २५ बर्ष आयु वर्गकाले भाग लिन पाउने छन।

३. राष्ट्रिय सर्जक गोपालसिंह ‘नेपाली’ बस्नेतको 114औं जयन्ती सिलगढीमा पालन गरियो।

४. डुवर्स मानसुन टुरिज्म फेस्टिवल २०२५ डुवर्सको फालाकाटामा हिजो भव्यताको साथमा सम्पन्न भएको छ।

५. मौसम विभागले उत्तर बङ्गालमा भारी वर्षाको चेतावनी जारी गरेको छ

**मुख्यमंत्री खुदीराम बोस**

मुख्यमन्त्री ममता व्यानर्जीले महान स्वतंत्रता संग्रामी वीर शहीद खुदीराम बोसलाई नमन गर्दै श्रदाजंली अपिर्त गर्नुभएको छ। ११ अगस्त १९०८ को दिन मुजफरपुर बम काण्डको आरोपमा केवल १८ वर्षको उमेरमा अंग्रेजी शासनले खुदीरामलाई फासीमा झुण्डाएको थियो। आज उहाँको बलिदान दिवसलाई स्मरण गर्दै खुदीराम दशेभक्तिको सर्वोच्च प्रतिक हुन् तथा उहाँको राष्ट्रको स्वतंत्रताका लागि आहूति देशका सबै युवाहरूका लागि प्रेरणा श्रोत हुन भनी बताउनु भएको छ। भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष समीक भट्टाचार्य , विश्व हिन्दू परिषदका महामंत्री मिलिन्द पराण्डेले पनि श्रदासुमन अर्पित गर्नुभएको छ।

**गोपालसिंह ‘नेपाली’**

राष्ट्रिय सर्जक गोपालसिंह ‘नेपाली’ बस्नेतको 114औं जयन्ती सिलगढीमा पालन गरियो। सिलगढीमा सञ्चालित संस्था आरनोवाद्वारा चम्पासरीमा स्थित संस्थाको कार्यालयमा आयोजना गरिएको कार्यक्रम आरनोवाका उपाध्यक्ष मोहन लुइँटेलद्वारा अध्यक्षता गरिएको थियो भने प्रमुख अतिथिका रुपमा साहित्य अकादमी नेपाली भाषा परामर्श समितिका पूर्व सदस्य डा. जीवन राणा उपस्थित थिए। कार्यक्रममा अध्यक्ष, प्रमुख अतिथिद्वारा कविको तस्वीरमा मैनबत्ती बालेर फूलमाला अर्पण गरिएको थियो भने भरखरै दिवङ्गत नारी हस्ताक्षर उर्मिला घिसिङको आत्मिक चिर शान्तिको लागि कामना गरियो। कार्यक्रममा डा. जीवन राणा अनि कृष्ण गुरूङले राष्ट्रिय सर्जक बस्नेतमाथि गहन वक्तव्य राखेका थिए। जसमा सचिव दिवाकर ढुङ्गेल शर्माले राष्ट्रिय सर्जक बस्नेतमाथि हिन्दीमा लेख प्रस्तुत गरेका थिए अनि सञ्जीव श्रीमलद्वारा कविता प्रस्तुत गरिएको थियो।

प्रसार

प्रसार भारतीका अध्यक्ष नवनीत सहगल र दूरदर्शनका महानिर्देशक सतिश नंबूदिरीपादले लाल किल्लामा स्वतन्त्रता दिवस समारोहको तयारीको निरीक्षण गरे। यस पटक प्रसार भारतीले पहिलो पटक १२० एक्स जुम क्यामेरा सहित लाल किल्लामा ३७ वटा क्यामेरा जडान गर्नेछ।

**लागूऔषध**

जयगाउँमा लागूऔषध विरोधी ठूलो कार्वाहीमा, पुलिसले डेन्टल क्लिनिकभित्र लुकेको कोठाबाट 325 बोतल अवैध कफ सिरप बरामद गरेको घटना प्रकासमा आएको छ। सूचनाको आधारमा, जयगाउँ एक नम्बर ग्राम पञ्चायत क्षेत्रमा अवस्थित डा. बी. विश्वास डेन्टल क्लिनिकमा छापा मारिएको थियो। औषधि बेच्ने वैध कागजपत्र पेश गर्न असफल भएपछि क्लिनिक मालिक र उनकी श्रीमतीलाई पक्राउ गरिएको पुलिसले बताएको छ। दुवैलाई एनडीपीएस एक्टअन्तर्गत मुद्दा दर्ता गरिएको बताउँदै रिमान्ड र थप अनुसन्धानको लागि अलिपुरद्वार अदालतमा पेश गरिएको जयगाउँ थानाका आईसी पाल्जोर भोटियाले जनाउनु भएको छ।

**सोनादा पुलिस**

सोनादा पुलिस आउट पोस्ट अनि सोनादा ट्राफिक पुलिसको संयुक्त आयोजना तथा सिलगढी लायन्स क्लब, काम्ती हेल्थ केयर अनि सिलगढी लायन्स नेत्रालयको सहकार्यमा सोनादामा स्वास्थ्य जाँच एव रक्तदान शिविर सगै ड्रग्स रोकथामको लागि सचेतना कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख अतिथिको रुपमा दार्जिलिङ पुलिसका टाउन डीएसपी उज्वल सरकार, सीआई सदर पार्थ सारथी चन्द्रा, आईसी सदर मिग्मा भोटिया साथै जोरबङ्लो थाना प्रभारी निरज राई लगायत अन्यहरु उपस्थित रहेका थिए। उक्त शिविरमा सोनादा क्षेत्रका विभिन्न संघ संस्थाहरु, विभिन्न ट्याक्सी सेण्डीकेटका प्रतिनिधिहरु, ट्रक एसोसिएसन प्रतिनिधिहरु सहभागी बनेका थिए बने ड्रग्स विरुद्धका ि अभियानमा सक्रिय भूमिका निभाउँदै कार्य गरेवापत बिभिन्न सघ सस्थाहरुलाई सम्मान जनाइयो

**सोम**

सिगंताम ग्राम पञ्चायत अन्तर्गत सिंगताम ग्राम सेवक समितिले हिजो सहिस धुरामा एक विशेष जनचेतनामूलक कार्यक्रम सम्पन्न गरियो ।उक्त जनचेतनामूलक कार्यक्रममा आगामी दिनमा हुने द्वारे क्याम्प बिषय स्थानीय जनसाधारणलाई अवगत गराइएको थियो ।कार्यक्रममा वरिपरिका लगभग दस वटा समाजका प्रतिनिधिहरु विभिन्न सेल्फ हेल्प ग्रुपका सदश्यहरु, स्थानीय बासिन्दा तथा अन्य सहभागी गरि लगभग २५० जनाको उपस्थिति रहेको थियो।

**डुवर्स मानसुन टुरिज्म फेस्टिवल**

"लतलाई होइन खेलकुदलाई " भन्ने मुलमन्त्रको साथमा CII(सीआई) नर्थ बङ्गाल, (वाईआई) YI, ACT(एसीटी) तथा फालाकाटा टाउन क्लबको संयुक्त आयोजना एव अलिपुरद्वार जिल्ला प्रसाशनको सहयोगमा डुवर्स मानसुन टुरिज्म फेस्टिवल २०२५ डुवर्सको फालाकाटामा भव्यताको साथमा हिजो सम्पन्न भएको छ।

***तीनदिनव्यापी कार्यक्रममा विभिन्न सास्कृतिक कार्यक्रमहरुको साथमा अन्तिम दिन पुरुष एव महिला वर्गमा विभिन्न श्रेणीमा म्याराथन दौडको आयोजना गरिएको थियो। जसमा पाँच, दस तथा पच्चीस किलोमीटर सामेल थियो भने दौडमा भाग लिन डुवर्सको विभिन्न भागसगै दार्जिलिङ कालेबुङ सिक्किम नेपाल भुटान झारखण्ड उत्तर प्रदेश लगायतको स्थानहरुबाट धावकहरुको उपस्थिती रहेको थियो। कार्यक्रममा भुतपुर्व भारतीय फुटबल दल कप्तान भाइचुङ भोटिया प्रमुख अतिथिको रूपमा उपस्तिथ थिए भने उनीवाहेक विक-रन फाउन्डेसन दार्जीलिङका संस्थापक एव म्याराथन सयोजक विक्रम राई कार्यक्रम सयोजक राज बासु लगायत आयोजक समितिका सम्पुर्ण सदस्यगण लगायत सर्वसाधारणको बिशेश रूपमा उपस्तिथ रहेको थियो।***

**भारी बारिश**

मौसम विभागले उत्तर बङ्गालमा भारी वर्षाको चेतावनी जारी गरेको छ भने भोली कालिम्पोङ, जलपाईगुडी र अलिपुरद्वार, दार्जिलिङ, कूचबिहार र उत्तर दिनाजपुरमा भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। बुधबार र बिहीबार पनि यस्तै आवस्था रहने विभागले जनाएको छ। यसका साथै शुक्रबार र शनिबार कम वर्षा हुने भए पनि केही स्थानमा मेघगर्जन र

चट्याङसहित वर्षाको सम्भावना रहेको विभागले बताइएको छ । यसैबीच भारी वर्षाका कारण टेस्टा, तोर्सा र जलढाका नदीमा पानीको जलस्तर बढ्ने सम्भावना रहेको छ भने दार्जिलिङ, कालिम्पोङ र सिक्किमका पहाडी क्षेत्रमा पनि पहिरोको जोखिम बढ्नेछ ।

**मिरिक**

मिरिकको आले खेल मैदानमा स्वतन्त्रता दिवसको तयारी युद्धस्तरमा चलिरहेको छ। यसैबीच विशेष मैदानको निरिक्षण स्वतन्त्रता दिवस समारोह समितिका अध्यक्ष एल बि राई अनि विभागिय अधिकारीहरूको एक टोलीले गरेका छन्। जी टी ए प्रमुख कार्यपाल अनित थापाको विशेष उपस्थितिमा सम्पन्न हुने यस स्वतन्त्रता दिवस समारोहका लागि आले खेल मैदानलाई सफाई अनि सुन्दरीकरण गरिने कार्य हाल भइरहेको छ। यसैबीच मैदानलाई स्टेडियमको ढाँचामा बनाउन गत २०२३ सालदेखि नै प्रयास भइरहेको बताउँदै वन विभागिय अधिकारीहरुसँग जी टी ए प्रमुख कार्यपाल अनि जी टी ए इन्जिनियरिंग विभागले समन्वयमा आएर कार्य गरिरहेको आयोजक समितिको पक्षमा सभासद मिलेस राईले बताउनुभयो ।

**इन्द्रजात्रा**

नेपालको काठमाडौ र भारतको सिक्किमपछि अब डुवर्सको वीरपाडामा पनि यसपालि इन्द्रजात्रा हुने भएको छ। आज इन्द्रजात्रा कार्यक्रमको निम्ति अखिल भारतीय नेवार संगठनको महत्त्वपूर्ण सभा वीरपाडा एकाडेमी स्कूलमा बसिएको थियो। जहाँ डुवर्सभरीका शाखा साथै चारवटा अञ्चल समितिको सदस्यहरूलगायत राज्य कमिटीको अध्यक्ष ,सचिव कालेबुङ, अञ्चल अध्यक्ष साथै केन्द्रिय समितिको सदस्यहरूको व्यापक उपस्थिति रहेको कार्यक्रममा सर्वसम्मतिले इन्द्रजात्रा आयोजक समिति गठन गरेको बताइएको छ। भने अब यसपालि डुवर्सले नौलो गोर्खे पर्व एवं नेवार समुदायको महान पर्व इन्द्रजात्राको अभुतपुर्व अनुभव वीरपाडामा गर्नु पाउने खबरले नेवार समुदायमा खुसीको लहर छाएको छ।

****** ० ******